# युवा युवा स्व-रोजगार अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधी,२०८२

**प्रस्तावना:**

नेपाल बाहिरका देशहरुबाट स्वदेश फिर्ता आएकाहरु पुनः रोजगारीका लागि रोजगारीमा देश बाहिर जानु नपरोस साथै स्थानीय तहको बैदेशिक रोजगारीमाथीको निरभर्ता कम गर्न तथा सक्षम युवाहरुका लागि स्थानीय स्तरमा आर्थिक पुनःएकीकरणका अवशरहरु श्रृजना गर्ने उद्देश्यले यस गाउँपालिकामा युवा स्वरोजगारको अवसर प्रदान गर्न वाञ्छनिय भएकोले,

नेपालको संविधानको अनुसूची ८ मा व्यवस्था भएको एकल अधिकार तथा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी गौमुल गाउँपालिकाले **" युवा युवा स्व-रोजगार अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधी, २०८२"** तर्जुमा गरी मिति २०८२।१। गतेको गाउँ कार्यपालिका बैठकको निर्णयबाट स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधीको नाम **"युवा युवा स्व-रोजगार अनुदान सहयोग कार्यक्रम संचालन कार्यविधी, २०८२"** रहेको छ ।

(२) यो कार्यविधी तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधीमाः-

(क) **"कार्यक्रम"** भन्नाले स्थानीय तह अन्तर्गतको युवा युवा स्व-रोजगार अनुदान सहयोग कार्यक्रमलाई सम्झनु पर्छ (ख) **"समिति"** भन्नाले यस कार्यविधीको दफा ९ को उपदफा (१) बमोजिमको समितिलाई सम्झनु पर्दछ । (ग) **"उप समिति"** भन्नाले यस कार्यविधीको दफा ९ को उपदफा (४) बमोजिमको उपसमितिलाई सम्झनु पर्दछ ।

(घ) **"अध्यक्ष"** भन्नाले समितिका अध्यक्षलाई सम्झनु पर्दछ ।

(ङ) **"संयोजक"** भन्नाले उप समितिकासंयोजकलाई सम्झनु पर्दछ ।

(च) **"सदस्य"** भन्नाले दफा ९ को उपदफा (१) र (४) बमोजिमको समिति र उप समितिका सदस्यहरुलाई सम्झनु पर्दछ।

(छ) **"कार्यालय"** भन्नाले स्थानीय तहको कार्यालय वा स्थानीय तहले तोकेको कार्यालयलाई बुझाउँछ ।

(ज) **"स्थानीय तह"** भन्नाले गौमुल गाउँपालिका पालिकालाई सम्झनु पर्छ ।

(झ) **"अनुदान"** भन्नाले उत्पादनमुलक, सेवामुलक वा ट्रेड एवंम व्यापार व्यावसाय संचालन गर्नका लागि आवेदन दिएका व्यक्तिहरुलाई स्थानीय तहबाट प्रदान गरिने नगद अनुदान लाई सम्झनु पर्दछ।

(ज) **"बस्तुगत अनुदान"** भन्नाले उत्पादनमुलक, सेवामुलक वा ट्रेड एवंम व्यापार व्यावसाय संचालन गर्नका लागि आवेदन दिएका व्यक्तिहरुलाई स्थानीय तहबाट खरिद गरि प्रदान गरिने भौतिक संरचना निर्माण लगायतको बस्तुगत अनुदान लाई सम्झनु पर्दछ ।

(त) **"प्रविधि अनुदान"** भन्नाले उत्पादनमुलक, सेवामुलक वा ट्रेड एवंम व्यापार व्यावसाय संचालन गर्नका लागि आवेदन दिएका व्यक्तिहरुलाई प्रदान गरिने मेसिन उपकरण लगायतका अनुदान लाई सम्झनु पर्दछ ।

(थ) **"लाभग्राही"** भन्नाले यस कार्यविधीको दफा ७ अनुसारको व्यक्ति, फर्म, स्थानीय तह, सहकारी तथा कम्पनीहरुलाई सम्झनु पर्छ ।

(द)**"बाहिर देशवाट फिर्ता आएको व्यक्ति"** भन्नाले श्रम स्वीकृती लिएर नेपाल बाहिरका देशहरुमा कामकाज गरि फिर्ता आई स्थानीय तहमा आवेदन दिने मिति सम्ममा फिर्ता आएको अवधी ५ वर्ष पार नगरेको व्यक्तिहरुलाई सम्झनु पर्छ ।

**३. कार्यविधीको पालना गर्नुपर्नेः**

(१) समिती तथा उपसमितीले आफ्नो कार्यक्रम संचालनको क्रममा यो कार्यविधीको पालना गर्नु पर्नेछ ।

(२)यस कार्यक्रमबाट स्थानीय तहको कार्यक्षेत्र भित्र लाभ पुर्याउने सबै गैरसरकारी संस्थाहरु, निजि कम्पनीहरु एवंम् सहकारी संस्थाहरुले यो कार्यविधीको पालना गर्नु पर्नेछ ।

(३) स्थानीय तह भित्रका यस कार्यक्रमवाट लाभ लिन चाहने र लाभ लिएका युवा स्व-रोजगार हुन चाहने नेपाल बाहिरका देशहरुबाट फिर्ता आएका सम्पुर्ण व्यक्तिहरुले पूर्णरुपमा यो कार्यविधीको पालना गर्नुपर्नेछ ।

**४. कार्यक्रम संचालन र उद्देश्यः**

**(१) युवा युवा स्व-रोजगार अनुदान सहयोग कार्यक्रमः** यस कार्यक्रम अन्तर्गत सेवाग्राहीले आफु स्वदेशमै युवा स्व-रोजगार हुनका लागि गर्न लागेको कृषि तथा गैर कृषि क्षेत्र अन्तर्गतको आयआर्जन,लघु, घरेलु तथा साना उद्यम व्यावसाय सम्बन्धि उत्पादनमुलक, सेवामुलक वा ट्रेड एवंम व्यापार सम्बन्धि नयाँ वा विस्तार योग्य व्यवसायिक क्रियाकलापहरु संचालनको लागि अनुदान सहयोगहरु प्रदान गरिनेछ ।

(२) यस कार्यक्रमवाट स्थानीय तह भित्रका नेपाल बाहिरका देशहरुबाट फिर्ता आएका व्यक्तिहरुको आर्थिक पुनः एकीकरणका लागि युवा स्व-रोजगारको अबशरहरु श्रृजना गरीने छ । स्थानीय तह भित्रको आर्थिक पुनःएकीकरण सम्बन्धि समस्या सामाधान गर्न, स्थानीय उत्पादकत्व वृद्धि लाई टेवा एवम बैदेशिक रोजगारी माथिको पर निर्भरता कम गर्नका लागि चौतर्फीरुपमा सहयोग संयन्त्र स्थापित गर्न रहेकोछ ।

**५. कार्यक्रमको उद्देश्य:** कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेका छनः

क. स्थानीय तह भित्रका नेपाल बाहिरका देशहरुबाट फिर्ता आएका र सक्षम बेरोजगार युवाहरुका लागि रोजगारीको अवशर श्रृजना गर्ने ।

ख. स्थानीय तह भित्र कृषि तथा गैर कृषि क्षेत्रमा उत्पादनमुलक उद्यम व्याबसायहरुको प्रवर्धन गरि देशको कुल गृहस्थ उत्पादनमा स्थानीय तहको हिस्सेदारी बढाउने ।

ग. स्थानीय तहमा रहेका कृषि तथा गैर व्यावसायलाई आधुनिकीकरण गरि उक्त क्षेत्रमा

आधारीत रोजगारलाई तुलनात्मक रुपमा प्रतिस्पर्धी बनाउने ।

घ. बैदेशिक रोजगारीको पर निरभर्तालाई कम गरि बैदेशिक रोजगारीको क्रममा हासिल गरेको ज्ञान, सिप एवंम विप्रेषणको उत्पादनमुलक क्षेत्रमा उपयोग गराउनु ।

ङ.आयात प्रतिस्थापन एवंम् निर्यात प्रवर्धनमुलक व्यावसायिक कारोवारहरुलाई टेवा दिनु ।

च.बिदेशवाट स्वदेश फिर्ता आएकाहरुको सहयोगमा सहकारी व्यावसायहरुको प्रवर्धन गर्नु ।

**६. कार्यविधीको उद्देश्यः** यस कार्यविधीको उदेश्य देहाय बमोजिम रहेका छनः

क. कार्यान्वयनमा संलग्न पक्षहरुलाई कार्यक्रमका रकम बाट संचालन हुने कार्यहरुको छनौट, कार्यान्वयन र प्रशासनका सम्बन्धमा व्यावहारिक रुपमा मार्गदर्शन प्रदान गर्नु ।

ख. यस कार्यक्रमबाट सहयोग प्राप्त गर्न योग्य लक्षित वर्ग संम्बद्ध सरोकारवालाहरुको छनौटका लागि निर्देशक सिद्धान्त, प्रक्रिया, योग्यता तथा मूल्यांकनको मापदण्ड प्रदान गर्नु ।

ग. स्थानीय तह भित्र कार्यक्रम संचालन एवम् कार्यान्वयनमा संलग्न स्थानीय तह सहितका सरोकारवालाहरु

घ. वार्षिकरुपमा संचालन गरिने क्रियाकलापहरुको योजना तर्जुमा, कार्यानवयन, सुपरिवेक्षण र अनुगमनमा स्थानीय तह तथा समितिका पदाधिकारीहरुलाई सहयोग र मार्गदर्शन प्रदान गर्नु ।

**७. कार्यक्रम संचालनका सीमा लगानिका क्षेत्र र विशेष व्यवस्थारुः**

**७.१ कार्यक्रम संचालनका सीमाहरुः**

क. कार्यक्रमको परिचालन स्थानीय तहको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रममा “नेपाल बाहिरका देशहरुबाट फिर्ता आएका व्यक्तिहरुका लागि पुनःएकीकरण” गर्नका लागि तोकिएको कार्यक्रम र विनियोजित बजेट अनुसार हुनेछ ।

ख. कार्यक्रमबाट लाभ लिने रितपुर्वक आवेदन गरेका स्थानीय तहको कार्यक्षेत्र भित्रका नेपाल बाहिरका देशहरुबाटफिर्ता आएका व्यक्तिवा उनीहरुद्वारा संचालित फर्म वा सहकारी संस्था जसले व्यावसायिक कार्य सुरु वा विस्तार गर्न चाहिरहेको हुनेछ।

ग. कार्यक्रम कार्यान्वयन गर्दा स्थानीय तहले तोके अनुसारको बजेट र यस कार्यविधी अनुसार हुनेछ तर कार्यक्रममा कुनै दातृ निकाय वा सरकारी निकायहरु बाट योगदान हुने भएमा योगदान गरिएको रकम योगदान गर्ने निकायले तोके अनुसार परिचालन हुनेछ ।

**७.२ प्रस्टीकरण**

**क. उत्पादनमुलक उद्यमः** कृषि वा गैरकृषि क्षेत्रको व्यावसायिक कार्य जस्ले बस्तु उत्पादन गर्छ उक्त वस्तु आन्तरीक उपभोक्ताको आवश्यकता पुरा गर्छ र कम्तिमा सञ्चालकलाई पुर्ण वा आन्सीकरुपमा रोजगार प्रदान गर्छ भनी प्रस्टीकरण गरिएको छ । यदि आयात प्रतिस्थापन वा निर्यात प्रवर्धनमा टेवा पुर्याउने खालको उत्पादनमुलक कार्य भएमा विशेष जोड दिइनेछ ।

**ख सेवामुलक उद्यम:** कृषि वा गैरकृषि क्षेत्रको व्यावसायिक कार्य जस्ले बस्तु उत्पादकहरु वा सेवाग्राहीहरुलाई सशुल्क प्राविधिक एवंम् परामर्श सेवा वा अन्य सेवाहरु उपलब्ध गराउछ भनी प्रस्टीकरण गरिएको छ ।

**ग. ट्रेड एवंम् व्यापार व्यवासाय:** कृषि, पशुपंक्षी, मत्स्य वा फलफुलजन्य फ्रेसबस्तु उत्पादकहरुबाट प्रत्यक्ष खरिद वा स-साना संकलनकर्ताहरुबाट खरिद गरिसंकलन तथा स्तरीकरण वा विक्रि वितरण एवंम् प्रशोधन वा निर्यात प्रवर्धन गर्ने व्यावसायीक कार्यहरुभनी प्रस्टीकरण गरिएको छ।

**घ. परम्परागत एवंम् साँस्कृतिक व्यावसाय:** समाजमा पुर्वकाल देखि चलि आएको परम्परागत व्यावसायिक कार्य जस्को सम्बन्ध प्रत्यक्ष हाम्रो चाडपर्व एवंम साँस्कृतीक कार्यहरुसंग हुन्छ जस्तै आरण, कपाल काट्ने शैलुन, माटोको वस्तु, छालाको वस्तु, टेन्ट तथा कैटरिङ्ग सेवा, बैण्डवाजा, सुन चाँदि/तामा/पितलर अन्य धातुका कारिगरहरु, दुनाटपरी एवंम् काठ/बाँस/रेसा जन्य परम्परागत एवंम् साँस्कृतिक व्यावसायहरु भनी प्रस्टीकरण गरिएको छ।

**ङ. सिपमा आधारीत अन्य व्यावसायिक कार्यः**-लाई बौधिक क्षमता वा प्राविधिक सिपमा आधारीत गैर कृषि क्षेत्रसंग सम्बन्धित विभिन्न किसिमको सेवा व्यावसाय, जडान तथा नव निर्माण एवंम् मर्मत संभार सम्बन्धि सेवाहरु,सबै खालका रिपेरिङ्ग केन्द्र वा गैराजहरु, फोटो व्यावसाय, फाईन आर्ट, फास्टफुड पसल, फोहरमैला संकलन वा प्रशोधन, तथा अन्य सिपमा आधारीत व्यावासायिक कार्यहरु भनी प्रस्टीकरण गरिएको छ ।

**७.३ विशेषव्यवस्थाहरु:**

विभिन्न प्रकृति तथा क्षेत्रका व्यावसायीक गतिविधीका लागि देहाय अनुसार अनुदानको विशेष व्यवस्था गरिएको छ । जुन तलको तालिका अनुसार हुनेछ ।

**तालिका-१ व्यावसायिक गतिविधि अनुसारको अनुदानका सिमाहरुः**

| व्यावसायिक क्रियाकलाहरु अनुसार | उत्पादनमुलक उद्यम | सेवामुलक उद्यम | ट्रेड एवम व्यापार व्यवासाय |
|---|---|---|---|
| कृषिमा आधारीत हरियो सागसब्जी, फुल खेती, नर्सरी एवम एकिकृत व्यावसायिक खेति पंक्षि तथ पशुपालन एवम जलमा आधारित व्यावसायिक कार्यहरु | उत्पादकहरुका लागि<br>क.बढीमा प्रतिव्यक्ति वा निजी फर्म रु पचास हजार सम्म ।<br>ख. नेपाल बाहिरका देशहरुबाटप्राप्त सिपमा आधारित उत्पादन कार्य | प्राविधिक सेवा प्रदायकहरुका लागि<br>क. बढीमा प्रति व्यक्ति वा फर्म रु एक लाख सम्म ।<br>ख. नेपाल बाहिरका देशहरुबाटप्राप्त सीपमा | क. प्रति निजि साझेदारी फर्म तथा कम्पनी रु पाँचलाख सम्म।<br>ख. प्रति सहकारीलाई रु सात लाख सम्म ।<br>ग. निर्यात प्रवर्धन गर्ने निजि साझेदारी फर्महरु |

| | | | |
|---|---|---|---|
| | भएमा बढीमा रु एक लाख सम्म ।<br>ग. निर्यात प्रवर्धन वा आयात प्रतिस्थापन कार्य भएमा बढीमा रु एक लाख पचास हजार सम्म ।<br>घ. प्रति समुह साझेदारी फर्म वा सहकारी लाई बढिमा रु पाँच लाख सम्म । | आधारित सेवा कार्य भएमा बढीमा रु एक लाख पचास हजार सम्म ।<br>ग. बढीमा प्रति सहकारीलाई रु तीन लाख सम्म । | तथा कम्पनीहरुलाई दुईलाख सम्म थप गर्न सकिनेछ । |
| गैर कृषि तथा परमपरागत एवम सँकृतिकमा आधारित व्यवसायिक कार्य वा सिपमा आधारित अन्य व्यावसायिक कार्यहरु | क. प्रति व्यक्ति वा फर्म बढमा रु पचास हजार सम्म ।<br>ख. नेपाल बाहिरका देशहरुबाटप्राप्त सिपमा आधारित गैर कृषि कार्य भए बढिमा रु एक लाख सम्म ।<br>ग. प्रति समुह रु दुई लाख सम्म । | क. प्रति व्यक्ति वा फर्म लाई बढीमा दुई लाख सम्म ।<br>ख. नेपाल बाहिरका देशहरुबाटप्राप्त सिपमा आधारित गैर कृषि कार्य भए बढीमा रु तीन लाख सम्म । | क. प्रति फर्मलाई बढीमा रु तीन लाख सम्म ।<br>ख. निर्यात प्रवर्धन गर्ने निजि फर्महरुलाई रु एकलाख सम्म थप गर्न सकिनेछ । |

**८. कार्यक्रमबाट लाभ लिन योग्य लाभग्राहीहरुः  कार्यक्रमको प्रत्यक्ष लाभग्राहीहरु**

क. नेपाल बाहिरका देशहरुबाटफिर्ता आएका र आफुसंग भएको संचित विप्रेषण वा अनुभव वा सिपको प्रयोग स्वदेशमै गरि युवा स्व-रोजगार भई कामगर्ने चाहना भएका वा युवा स्व-रोजगार मुलक कार्यमा संलग्न व्यक्तिहरु जो आफ्नो व्यावसायिक कार्य विस्तार गर्न चाहेको छ ।

ख. नेपाल सरकारले तोकेको परिधिमा रहि नेपाल बाहिरका देशहरुबाटफिर्ता आएका व्यक्तिहरु द्वारा सचालनमा रहेका समुह, सहकारी र निजि साझेदारीमा संचालीत व्यावसायिक फर्महरु ।

ग. लाभ लिन योग्य लाभग्राहीवा व्यक्ति वा सेवा प्रदायकहरुको योग्यताः

- अनुसूची १ अनुसारआवेदन गरेकोहुनु पर्ने।
- स्थानीय तहको स्थाई बासिन्दा भएको र कार्यस्थल स्थानीय तह भित्रै हुनु पर्नेछ ।

- न्युनतम २५ वर्ष पुरा भएको र ५० वर्ष ननाघेको व्यक्तिहरु ।
- नागरिकताको प्रतिलिपीरपासपोर्टको मुख्य पेज र आएको वा गएको स्पस्ट हुने पेजको प्रतिलिपी ।
- रोजगार सेवा केन्द्रमा वेरोजगार सुचिमा दर्ता रहेको ।
- अनुसूची २ अनुसारको व्यावसायिक योजना ।
- सेवा प्रदायकको हकमा आफुले प्रदान गर्न खोजेको सेवा सम्बन्धी लाईसेन्सवा तालिम वा अध्ययन वा कार्य अनुभव सम्बन्धी कागजातको प्रतिलिपी ।
- यो बुदा अनिवार्य अनिवार्य नभए पनी व्यक्तिको हकमा आफुले गर्न खोजेको व्यावसायिक कार्य सम्बन्धी लाईसेन्सवा तालिम वा अध्ययन वा कार्य अनुभव सम्बन्धी कागजातको प्रतिलिपी भएमा प्रथम प्राथमीकतामा राखिने छ ।

**७.२ लाभ लिन योग्य उत्पादक समुह र तिनको योग्यताः**

- अनुसूची ३ अनुसार आवेदन गरेको हुनु पर्ने ।
- स्थानीय तहमा दर्ता भएको हुनु पर्नेछ ।
- नेपाल बाहिरका देशहरुबाटफिर्ता आएका वा बाहिर देशमा रोजगारीको लागि गएका परिवार सम्मीलित कम्तीमा ७ जना तथा वढीमा २१ जना व्यक्ति रहेका समुह ।
- अनुसूची २ अनुसारको व्यावसायिक योजना ।
- समुह दर्ताको प्रमाण पत्रको प्रतिलिपी र अन्तीम आ.ब. मा नविकरण गरेको प्रमाण ।
- कम्तीमा अन्तीम एक आ.ब. को लेखा प्रतिवेदन ।
- समुहको खाताको बैंक स्टेटमेन्ट ।
- प्रस्ताव पेश गर्ने सम्वन्धमा समुहले गरेको निर्णयको प्रतिलिपी ।
- समुहका सवै सदस्यहरुको नागरिकताको प्रतिलिपी ।
- यो वुदा अनिवार्य नभए पनी समुहको हकमा समुहले गर्न खोजेको व्यावसायिक कार्य सम्बन्धी समुह वा समुह सदस्यहरुसंग लाईसेन्स वा तालिम वा अध्ययन वा कार्य अनुभव सम्बन्धी कागजातको प्रतिलिपी भएमा प्रथम प्राथमीकतामा राखिने छ ।

**७.३ प्रत्यक्ष लाभार्थि सहकारी संस्थाहरुको योग्यताहरु:**

- अनुसूची ३ अनुसारको खाकामा निवेदन ।
- अनुसूची २ अनुसारको व्यावसायिक योजना ।
- कुल शेयर सदस्य मध्ये कम्तिमा ५१ प्रतिशत सदस्य नेपाल बाहिरका देशहरुबाट फिर्ता आएको
- वा बाहिर देशमा रोजगारी गरिरहेका व्यक्तिहरुको परिवारका सदस्य हुनु पर्नेछ ।
- सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
- अन्तिम कर चुक्ताको प्रमाण पत्र ।
- कम्तिमा अन्तिम तिन आ.ब. को अडिट प्रतिवेदन ।
- संम्बन्धित वडा कार्यालय वाकार्यपालिका सदस्य वा सम्बन्धित स्थानीय तहको जनप्रतिनिधीको सिफारीस ।

### ७.४ निजि साझेदारी फर्म तथा कम्पनीवा विस्तार गर्न चाहनेहरुको योग्यताहरु:

- अनुसूची ३ अनुसारको खाकामा निवेदन ।
- अनुसूची २ अनुसारको खाकामा व्यावसायिक योजना पेश गरेको ।
- नेपाल बाहिरका देशहरुबाट फिर्ता आएका व्यक्तिहरु द्वारा संचालीत ।
- सम्वन्धित निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी ।
- अन्तिम कर चुक्ताको प्रमाण पत्र ।
- कम्तिमा अन्तिम एक आ.ब. को अडिट प्रतिवेदन ।

## ८. देहायका क्षेत्रहरुमा कार्यक्रमको रकम परिचालन गर्न सकिनेछः

कार्यक्रमको रकम परिचालन गर्नका लागि देहायका क्षेत्रहरुमा रकम विनियोजन गरी सदुपयोगगर्ने सकिनेछ । स्थानीय तहको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेटमा यस कार्यक्रमका लागि विनियोजित कुल वजेटलाई एक ढिक्कामानीतल दिइएको तालिमा उल्लेख शिर्षक अनुसार टुक्रा गरि खर्च गर्न सक्नेछ ।

**तालिका-२, बजेट बाँडफाँड तालिका**

| क्र.स. | खर्चका शिर्षकहरु | कृषि क्षेत्र | गैर कृषि क्षेत्र | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | उत्पादनमुलक उद्यम | ३०% | १०% | ४०% | अनुदान वितरण |
| २ | सेवामुलक उद्यम | ५% | ३२% | ३७% | अनुदान वितरण |
| ३ | ट्रेड एवंम् व्यापार व्यवासाय | १५% | | १५% | अनुदान वितरण |
| ४ | समिति र उप समितिको बैठक संचालन | | | ०.५% | कार्यान्वयन खर्च |
| ५ | प्रिन्ट तथा डिजिटल मेडियावाट सुचना प्रकाशन | | | १% | कार्यान्वयन खर्च |
| ६ | लाभग्राही दर्ता तथा सुचना व्यवस्थापनका लागि सफ्टवेर निर्माण | | | १% | कार्यान्वयन खर्च |
| ७ | प्रस्ताव लागि मुल्याङ्कणका वाह्य सेवा प्रदायकको परामर्श सेवा खरिद | | | २% | कार्यान्वयन खर्च |
| ८ | कार्यक्रम आन्तरीक अनुगमन एवम् सुपरिवेक्षण | | | ०.५% | कार्यान्वयन खर्च |
| ९ | कार्यक्रमको वाह्य एवंम | | | २% | कार्यान्वयन खर्च |

| | | | | | |
|---|---|---|---|---|---|
| | स्वतन्त्र सेवा प्रदायकहरु वाट अनुदान कार्यान्वयन एवम् मुल्याङ्कणका लागि परामर्श सेवा खरिद | | | | |
| १० | कार्यक्रमका सरोकारवालाहरुको क्षमता विकास एवंम बैठक संचालन | | | १% | कार्यान्वयन खर्च |
| | | | | १०० | |

नोट: माथि तोकिएको खर्चका शिर्षकहरुमा रकम खर्च हुन नसकेमा वा रकम नपुग भएमा वा कुनै क्षेत्रमा प्रस्ताव कम परेमा संचालन समितिको निर्णयवाट आवश्यक भएको खर्च शिर्षकहरुमा रकमान्तरण गर्न सकिने छ ।

## परिच्छेद- २
## समिति तथा उप समितिको गठन र सञ्चालन

**९. समिति तथा उप समितिको गठन :**

९. १ संचालन समिति गठन: कार्यक्रम कार्यान्वयनका लागि प्रमुख प्रशासकीय अधिकृतले ५ (पाँच) सदस्यसहितको संचालन समितिगठन गर्नेछ ।

- अध्यक्ष :- श्रम तथा रोजगारका मामिला हेर्नेस्थानीय तहको अधिकृत प्रतिनिधि
- सदस्य :- स्थानीय तहको लेखा शाखाको प्रतिनीधि
- सदस्य :- लघु, घरेलु तथा साना उद्योग हेर्ने शाखाको प्रतिनीधि
- सदस्य :-. बैदेशिक रोजगार सम्बन्धि कार्यमा सक्रिय सहकारी वा संस्थाको प्रतिनीधि
- सदस्यसचिव : रोजगार संयोजक वा रोजगार सेवा केन्द्रले तोकेको पदाधिकारी
- आमन्त्रित सदस्यहरु :- आवश्यकता अनुसार सहभागि गराउन सक्नेछ ।

समितिको अध्यक्षले आवश्यक ठानेमा विज्ञको रुपमा कुनै व्यक्ति वा संस्थालाई बैठकमा आमन्त्रित सदस्यको रुपमा वोलाउन सक्नेछ ।

**९.२संचालन समिति गठन तथा बैठक सम्वन्धी अन्य व्यवस्थाहरु :**

क. दफा ९ को उप दफा १ बमोजिम सदस्य वा पदाधिकारी नियुक्तिभई समितिको गठन हुनेछ । तोके वमोजिमको समिति गठन गर्न असहज परिस्थिती आएमा स्थानीय तहले तोके वमोजिम हुनेछ ।

ख. कामकाजको प्रमावकारिताको आधारमा समितिको बैठक आबश्यकता अनुसार बस्नु पर्ने हुन्छ।

**९.३ संचालनसमितिको काम, कर्तव्य र अधिकार:** कार्यक्रमलाई प्रभावकारी कार्यान्वयनका लागि संचालन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. कार्यक्रम संचालनका लागि निर्धारीत समयमा आवेदन मागका लागि सुचना प्रकाशन गर्ने र सोको लागि

प्रिन्ट तथा डिजिटल मेडियाहरुको सेवा खरिदका लागि आदेश गर्ने ।

ख. युवा स्व-रोजगार अनुदान सहयोग कार्यक्रमशिर्षकमा समयानुकुल वार्षिकरुपमा स्थानीय तहवाट बजेट विनियोजन हुनका लागि आवश्यक पहल तथा पैरवी गर्ने ।

ग. लाभग्राही दर्ता तथा सुचना व्यवस्थापनका लागि सफ्टवेर निर्माण गर्न आवश्यक सेवा परामर्श खरिदका लागि नियमानुसारको पहल गर्ने ।

घ. वास्तविक लाभग्राहि छनौट गर्ने सोको लागि निष्पक्ष प्रस्ताव मुल्याङ्कणको वातावरण वनाउने आबश्यक भएमा वाह्य सेवा प्रदायकको परामर्श सेवा खरिदका लागि आवश्यक व्यवस्थापन गर्नेगराउने ।

ङ. अनुदान प्राप्तिका लागि छनौट भएका योग्य सेवाग्राहीले अनुदान प्राप्त गरे नगरेको सुनिश्चित गर्ने गराउने ।

च. सेवाग्राहीले प्राप्त गरेको अनुदान राशी सहि सदुपयोग गरे नगरेको साथै कार्यक्रमले लक्ष्य प्राप्त भए नभएको सुनिश्चित गर्ने । यस्का लागि निश्पक्ष अनुगमन तथा मुल्याङ्कन गराउन वाह्य एवंम स्वतन्त्र सेवा प्रदायकहरुको परामर्श सेवा खरिद गर्ने गराउने ।

छ. कार्यक्रमको नियमित अनुगमनका तथा सुपरिवेक्षणका लागि उप समितिलाई आवश्यक निर्देशन तथा सल्लाह सुझाव प्रदान गर्ने ।

ज. कार्यक्रमको प्रभावकारीता वृद्धि गर्न सरोकारवालाहरुको क्षमता विकास गर्न पहल गर्नेगराउने ।

झ. कार्यक्रमको सफल अभ्यासहरुको प्रचार प्रसारका लागि संघिय प्रदेश स्तरीय तथा स्थानीय तहहरुवाट आयोजनहुने विभिन्न कार्यक्रमहरुमा सहभागी हुने ।

ञ. कार्यक्रम कार्यान्वयनका लागि आवश्यक सवै प्रयास, पहलएवम् कार्यहरु गर्ने गराउने ।

**९.४ अनुगमन तथा सुपरिवेक्षण उपसमिति गठनः** कार्यक्रमको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षणका लागि संचालन समितिले उप दफा ९.१ को वुदा (ज) ले दिएको अधिकार प्रयोग गरि प्रमुख प्रशासकीय अधिकृतले तल उल्लेख भए बमोजिमका तीन सदस्य अनुगमन तथा सुपरिवेक्षणउप समिति गठन गर्नेछ ।

क. संयोजक :- योजना शाखाले तोकेको प्रतिनिधी

ख. सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्रतिनिधी एक जना

ग. सदस्य - प्रमुख प्रशासकीय अधिकृतले तोकेकोस्वतन्त्र विज्ञ एक जना

(नोट. आवश्यकता अनुसारको विभिन्न विषयसंग सम्बन्धित विज्ञ एवंम् सदस्यहरुको नियुक्त समय समयमा संचालन समितिको अध्यक्षले गर्नेछ )

**९.५ अनुगमन तथा सुपरिवेक्षण उपसमितिको काम, कर्तव्य र अधिकारः अनुगमन तथा सुपरिवेक्षण उपसमितिको काम कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

क कार्यक्रमबाट संचालन भएका क्रियाकलापहरुको सुपरिवेक्षण र अनुगमन गरि स्थानीय तहका पदाधिकारीहरु सहित संचालन समितिलाई पृष्ठपोषण प्रदान गर्ने गराउने।

ख. अनुगमनका दौरान प्राप्त भएका सिकाई एवंम् सुधारका पक्षहरु रोजगार सेवा केन्द्र एवंम् स्थानीय तहलाई जानकारी गर्ने गराउने ।

ग. स्वतन्त्र सेवा प्रदायकहरुवाट सम्पादित कार्यहरुको प्रतिवेदन मस्यौदा उपर सुझाव प्रदान गर्ने र अन्तिम प्रतिवेदनहरुको अभिलेखिकरण गर्ने वा गर्नकालागि आवश्यक व्यवस्था गर्ने गराउने ।

घ. सेवा प्रवाहमा सुधारका लागि आवश्यक मानविय श्रोतको व्यवस्थापन तथा परिचालनका लागि संचालन समिति समक्ष सुझाव पेश गर्ने ।

ङ. सेवाग्राही दर्ता तथा सुचना व्यवस्थापन प्रणालिको कार्यान्वयन, व्यवास्थापन एवंम् अध्यावधिका लागि आवश्यक सवै पहल गर्ने गराउने ।

च. कार्यक्रम कार्यान्वयनवाट प्राप्त परिणामहरुको विश्लेषण गरि सफल र असफल सिकाईहरुको संग्रह बनाई संचालन समिति समक्ष पेश गर्ने । यस्का लागि आवश्यक वाह्य जनशक्तिका लागि समिति समक्ष सुझाव पेश गर्ने ।

छ. सुचना सम्प्रेषणका लागि सहकार्य गरेको मिडिया हाउसहरुको प्रभाव एवंम् प्रभावकारीता मुल्याङ्कन गरि स्थानीय तह एवंम समिति समक्ष पेश गर्ने ।

## परिच्छेद - ३

## कार्यान्वयन तथा व्यवस्थापन

**१०. युवा स्व. रोजगार अनुदान सहयोग कार्यक्रम कार्यान्वयनः**

कार्यक्रम कार्यान्वयनका लागि स्थानीय तहले यस कार्यविधीमा तोके अनुसारको समिति, उप समिति, लाभग्राही(व्यक्ती, समुह, सहकारी संस्था, गैर सरकारी संस्था निजिफर्म एवंम् कम्पनीहरु) कार्यालय मातहतका कर्मचारीहरु परिचालन गरि तपसिल अनुसारका कार्यहरु गर्नेछ ।

**१०. १ आनुदान मागका लागि आवेदन पेश गर्न सुचना प्रकाशन:-**

संचालन समितिको बैठकवाट कार्यविधीले तोके अनुसारको सर्त भित्र रहिकार्यक्रमबाट लाभ लिनइच्छुक व्यक्ती, समुह, सहकारी, निजि साझेदारी फर्म र कम्पनीहरु संग आवेदन मागका लागि सुचना प्रकाशन गर्ने । आवेदकहरुले आफ्नो आवेदन स्थानीय तहको रोजगार सेवा केन्द्र वा समितिले तोके शाखामा प्रस्ताव दर्ता गर्न सकिनेछ । यसरी दर्ता भएको आवेदन सुरक्षित राख्ने जिम्मा आवेदन बुझने शाखाको हुनेछ ।

**१०.२ सेवाग्राहि आवेदन दर्ता एवंम् व्यवस्थापन प्रणाली निर्माण:**

सेवाग्राहिहरुको आवेदन दर्तालाई चुस्तदुरुस्त बनाउन, सुचना सुरक्षित राख्नको लागि साथै प्राप्त आवेदनलाई आधुनिक तरिकाले मुल्याङ्कन गरी अनुदान वितरणको प्रक्रियालाई छिटोछरीतो बनाउन तथासम्बन्धि अभिलेख व्यवस्थापनका लागि अनुदान आवेदन दर्ता एवम् व्यवस्थापन प्रणाली निर्माण गरिनेछ । यस प्रकारको सुचना व्यवस्थापन प्रणाली (सफ्टवेर) निर्माणका लागि सेवा खरिद गर्ने । परामर्श सेवा खरीदकालागि स्थानीय तहले तोके अनुसारको सेवा खरीद निर्देशिका अनुसार गर्ने ।

१०.२.१ परामर्शकर्ता छनौट एवंम सहमति पत्रमा हस्ताक्षर ।

१०.२.२आवेदन फारम र व्यावसायिक योजना लाई सुचनाको आधार मानि परामर्शकर्ताले सफ्टवेरको निर्माण गर्नेछ ।

१०.२.३ आवेदनको मुल्याँङ्कनका लागि अनुसूची ४ मा उल्लेख सुचकहरुको अंक भारलाई आधार मानी आवेदन मुल्याँङ्कन गर्ने व्यवस्था सफ्टवेरमा गर्नु पर्नेछ ।

१०.२.४ सफ्टवेर विकास भएको खण्डमा सोको नमुना परिक्षण गर्नु पर्नेछ ।

१०.२.५ तयार भएको डाटावेस स्थानीय तहको वेव साईटमा जडान गर्नु पर्नेछ ।

१०.२.६तयार भएको डाटावेस वा सुचना व्यवस्थापन प्रणाली संचालनको वारेमा सबै सरोकारवालाहरुको क्षमता विकास गर्नु पर्नेछ । यसका लागि संचालन हातेपुस्तिका तयार गरि निर्माणकर्ताले दिनु पर्नेछ ।

१०.२.७ तयार भएको सुचना व्यवस्थापन प्रणालीको संचालनमा प्राविधिक सेवा प्रदान गर्ने ।

**१०. ३ आवेदन मुल्याङ्कनका लागि परामर्श सेवा खरीद:-**

संचालन समितिले प्राप्त आवेदन मुल्याङ्कनका लागि संकलित प्रती ४० देखि ५० आवेदन बराबर एक व्यक्तिमुल्याङ्कनकर्ता वा प्रति दुई तिन वडाका लागि एक गैर सरकारी संस्थावाट मुल्याँङ्कनका लागि परामर्श सेवा खरीद गर्न सक्नेछ । सेवा खरीद गर्दा समितिले स्थानीय तहको परामर्श सेवा खरीद निर्देशिका बमोजिम गर्नु पर्नेछ ।

१०.३.१ परामर्शकर्ता छनौट एवंम सहमति पत्रमा हस्ताक्षर ।

१०.३.२ परामर्शकर्ता द्वारा स्थलगत अवलोकन टोलिको गठन ।

१०.३.३ आवेदनको मुल्याँङ्कन ।

१०.३.४ आवेदकहरुको स्थलगत निरिक्षण एवंम् प्रतिवेदन तर्जुमा । स्थलगत निरिक्षण फारमको नमना अनसची-५ लाई आवश्यक सुधार सहित प्रयोग गर्ने ।

१०.३.५ स्थलगत निरिक्षण प्रतिवेदन र आवेदन मुल्याङ्कनको प्रतिफलको आधारमा समितिलाई अनुदान स्वीकृतीका लागि सिफारीस गर्ने ।

१०.३.६ समितीको बैठकमा अनुदान स्वीकृतीका लागि आवश्यक सहजीकरण गर्ने ।

**१०.४आवेदन स्वीकृती, सम्झौता पत्रमा हस्ताक्षर एवंम् रकम निकासा :**

१०.४.१ आनुदानका लागि योग्ग आवेदन स्वीकृत|

१०.४.२ स्वीकृत भएका आवेदनकर्ताहरु लाई सम्झौताको लागि क्रमश दर्ताक्रम अनुसार सुचना प्रकाशन गरी सम्झौताको लागि विभिन्न चरणमा आवहान ।

१०. ४.३ सुचना अनुसार उपस्थित सफल आवेदनकर्ताहरु संग अनुदान कार्यान्वयनका लागि समितिले नमुना सहमती पत्रको मश्यौदा तयार गरी हस्ताक्षर गर्नेछ ।

१०.४.४ दुई पक्षिय सहमती पत्रमा हस्ताक्षर भए अनुसारको सर्तमा प्रथम किस्ताको रकम लाभग्राहीको बैंक खातामा सोझैनिकासा स्थानीय तहवाट गरिनेछ ।

१०.४.५ रकम निकासा भएको विवरण संचालन समिति समक्ष लेखा शाखाले पेश गर्ने ।

**१०. ५ अनुदान कार्यान्वयन एवम् मुल्याङ्कणका लागि परामर्श सेवा खरीद:-**

संचालन समितिको निर्णय अनुसार रोजगार सेवा केन्द्रले कार्यक्रम कार्यान्वयनका लागि भएको लाभग्राही र रोजगार सेवा केन्द्र विचको सम्झौता कार्यान्वयनमा सहजीकरण तथा कार्यान्वयनको मुल्याङ्कन गर्नका लागि स्वतन्त्र परामर्शकर्ताहरुको सेवा "सेवा खरीद निर्देशिका - वमोजिम गर्ने । यस कार्यका लागि समितिले व्यक्ति, फर्म वा गैरसरकारी संस्था मध्ये आवश्यकता अनुसार छनौट गर्न सकिने छ ।

१०५.१ परामर्शकर्ता छनौट एवंम सहमति पत्रमा हस्ताक्षर ।

१०.५.२ परामर्शकर्ता द्वारा स्थलगत अवलोकन टोलिको गठन ।

१०.५.३ अनुदान कार्यान्वयनको मुल्याँङ्कनका लागि समितिले उपयुक्तमुल्याँङ्कन फारम तयारगरी प्रयोगमा ल्याउनेछ ।

१०५.४ आनुदान कार्यान्वयन एवंम् उपयोग प्रतिवेदन तर्जुमा प्रतिवेदनको आधारमा दोश्रो तथा अन्तिम किस्ता निकासा वा कार्यवाहीको लागि समिति समक्ष लाभग्राहीहरु सिफारीस गर्ने ।

**१०.६ अनुदान कार्यान्वयनको पुनः अनुगमन:-**

समितिले आवश्यक ठानेमा स्वतन्त्र परामर्शकर्ताहरुको प्रतिवेदन प्राप्ति पछि पुन सुपरिवेक्षण गराउन सक्नेछ । यस्का लागि अनुगमन तथा सुपरिवेक्षण उप समितिको मद्दत लिनेछ । यसरीपुनः अनुगमनको सुचिमा परेका लाभग्राहीहरुले अन्तिम सुपरिवेक्षण प्रतिवेदनको आधारमा अन्तिम भुक्तानी पाउनेछ ।

**११ कार्यक्रमका लागि बजेट तथा भुक्तानि प्रक्रिया :**

अनुदान प्राप्त गर्न सिफारीस लाभग्राहीहरुलाई तल अनुसारको अवस्थामा स्थानीय तहले भुक्तानी दिन योग्य ठहर गर्नेछ ।

क. स्थानीय तहको स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअन्तर्गत नेपाल बाहिरका देशहरुबाटफिर्ता आएका व्यक्तिहरुको पुनःएकीकरणका लागि विनियोजीत बजेटस्व. रोजगार अनुदान सहयोग कार्यक्रमका लागि विनियोजित भएको रकम मानिनेछ वा बजेट विनियोजन नभएको अवस्थामा गाउँ कार्यपालिकाको निर्णयबाट तोके अनुसार हुनेछ ।

ख. स्थानीय तह र लाभग्राहीहरु विचको अनुसूची ६ अनुसार सम्झदारी पत्रमा हस्ताक्षर भएमा कार्यालयले सम्झदारी पत्रमा उल्लेख खाता नंम्बरको माध्यमवाट तोके अनुसारको प्रथम किस्ताकुल रकमको तोके अनुसारको प्रतिशतमानिकासा गर्नेछ ।

ग. दोश्रो तथा अन्तिम किस्ता रकम प्राप्त गर्नकालागि तपसिल अनुसार हुनेछ ।

- लाभग्राहिले सम्झौता अनुसारको कार्य सम्पन्नप्रतिवेदन समितिले तोकेको खाकामा दिनु पर्नेछ, सक्कल विलहरु, भर्पाइहरु, खरिद तथा निर्माण गरेको सम्पतीको फोटो, बैंक खाताको स्टेटमेन्ट र सम्झौता पत्रको प्रतिलिपि सहित कार्यालयमा पेश गरेमा ।
- स्वतन्त्र मुल्याँङ्कनकर्ताको प्रतिवेदनमा अन्तिम किस्ता निकासाका लागि योग्य ठहर गरिएकोमा ।
- अनुगमन तथा सुपरिवेक्षण उप समितिवाट कुनै किसिमको भुक्तानि सम्बन्धि प्रश्न नआएमा ।

## परिच्छेद- ४,
## विविध

**१२.कार्यविधी संशोधन:** यस कार्यविधीमा कुनै संशोधन गर्नु परेमा युवा स्व-रोजगार सहयोग कार्यक्रम संचालन कार्यविधी, २०८२ संचालन समितिले संशोधन सहितको प्रस्तवनास्थानीय तह समक्ष पेश गर्नु पर्नेछ । स्थानीय तहको कार्यपालिकाले प्रस्ताव पारित गरे पछि मात्र लागु हुनेछ ।

**१३.कार्यविधीको व्याख्या:** यस कार्यविधीको व्याख्या गर्ने अधिकार स्थानीय तहलाई हुनेछ ।

**१४.दफाको निष्कृयता:-**यस कार्यविधीमा लेखिएका अन्य कुनै कुरा नेपाल सरकारको संघीय र प्रदेश सरकारको प्रचलित ऐन कानून संग बाझिन गएमा सो वाझिएको हद सम्म मात्र निष्कृय हुनेछ ।

अनुसूची १

गौमुल गाउँपालिका कार्यपालिका, सुदूरपश्चिम प्रदेश

युवा युवा स्व-रोजगार सहयोग कार्यक्रम संचालन कार्यविधी,२०८२

(कार्यविधीको दफा ७ को उपदफा ७.१ संग सम्बन्धीत)

"आवेदन फारम"

कार्यक्रममा सहभागि हुने व्यक्तिका लागि आवेदन फारम

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| (क) व्यक्तिगत विवरण | | | | | | | |
| आवेदकको पुरा नाम | | लिङ्गः | | धर्मः | | | |
| बुवाको नामः- | | आमाको नामः- | | | | | |
| बैवाहिक अवस्थाः- | | जन्म मितिः | YYYY/MM/DD | जातिः- | | | |
| परिवार सदस्य संख्या महिला सदस्य | महिला सदस्य | | पुरुष सदस्य | | परिवारको कुल सदस्य | | |
| स्थानीय तहको नामः- | | वार्ड नं. | | टोलः- | | | |
| संम्पर्कनं.ः- | | शैक्षिक अवस्थाः- | | | | | |
| नेपाली नागरिक्ता नं. | | वैदेशिक रोजगारी वाट फिर्ता हुनेका लागि पासपोर्ट नं. | | | | | |
| तपाईसंग कुनै रोजगार योग्य सीप छ ? छ भनेसीप उल्लेख गर्नुहोस | | | | | | | |
| यो सिप तपाईले कसरी हासिल गर्नु भएको छ (तालिम वा पारिवारीक/परंम्परागत वा बिदेशमा काम गरेका वा अन्य) वाट उल्लेख गर्नुहोस | | | | | | | |
| (ख)तपाई आफ्नो परिवारको आर्थिक अवस्थाको स्वमुल्याङ्कन गर्नुहोस (कुनै एकमा टिक लगाउनुहोस) | | | | | | | |
| अतिगरीब | गरीब | मध्यम | सम्पन्न | अति सम्पन्न | | | |
| तपाईको परिवारले खाना बनाउन कुन इन्धन प्रयोग गर्छन ? | दाउरा | विद्युत | ग्यास | | | | |
| तपाईको घरमा कस्तो खालको शौचालय छ ? | रिङ शौचालय | प्यान सिट शौचालय | फ्लस शौचालय | खुल्ला | | | |
| तपाईको घरमा कति वटा मोवाईल सेट र सिम छ ? | मोवाईल सेट संख्या | | मोवाईल सिम संख्या | | | | |

| | | | | |
|---|---|---|---|---|
| तपाईको परिवारमा संचारका कुन कुन साधनहरु उपयोग हुन्छ ? टिक लगाउनुहोस | रेडियो | पत्रपत्रिका | फेसबुक | इन्स्टाग्राम |
| | टेलिभिजन | अनलाईन समाचार | टुइटर | युटुब |
| तपाईको घरमा निजि सवारी साधन कुन कुन उपयोग हुन्छ टिक लगाउनुहोस । | साईकल | मोटरसाईकल | चारपाँग्रे सवारी | इ रिक्सा |
| | माथिको कुनै पनि सवारी साधन मेरो परिवारसंग छैन । | | | |
| तपाईंको घरको छाना केको छ ? टिक लगाउनुहोस | खर प्लाष्टिक | टिन | पक्कि | |
| तपाईको सगोल परिवारमा कति जना सदस्य रोजगार वा स्वरोजगार छन ? | रोजगार–...... जना | स्वरोजगार .......जना | | |
| तपाईको परिवारले कसैको खेतवारी अधिवा वा बटैया गर्ने गर्छ ? | गर्छ | गर्दैन | | |
| (ग) रोजगारीको अवस्था टिक लगाउनुहोस । | | | | |
| म वेरोजगार छु | म स्वरोजगार छु | म आन्सीक स्वरोजगार छु | म आन्सीक स्वरोजगार छु | |
| यदि तपाई नेपाल बाहिरका देशहरुबाटफिर्ता आउनु भएको छ भने फिर्ता आएको वर्ष उल्लेख गर्नुहोस | २०. साल | | | |
| यदि तपाई नेपाल बाहिरका देशहरुबाट फिर्ता आउनु भएको छ भने देशको नाम उल्लेख गर्नुहोस | | | | |
| यदि तपाई पुर्ण वा आन्सीक स्वरोजगार हुनुहुन्छ भने कार्य उल्लेख गर्नुहोस | | | | |
| (घ) तपाईको परिवारले बार्षिकरुपमा तलका शिर्षकहरुमा कती खर्च गर्ने गरेका छन ? | | | | |
| बालबालिकाहरुको अध्ययन अध्यापनमा लाग्ने कुल खर्च | रु. | | | |
| परिवार सदस्यहरुको स्वास्थ्य उपचारमा लाग्ने कुल खर्च | रु. | | | |
| परिवारको खाना तथा पोसाकमा लाग्ने कुल खर्च | रु. | | | |
| अतिथि सत्कारमा लाग्ने कुल खर्च | रु. | | | |
| घर तथा घरायशी मेसिन उपकरण मर्मत संभार खर्च | रु. | | | |
| चाडपर्व तथा दान एवंम धार्मिक अनुष्ठान खर्च | रु. | | | |
| कुल वार्षिक खर्च | रु. | | | |
| व्यावसाय बाहेकको पारिवारीक उपभोगका लागि लिएको कुल ऋण रकम | रु. | | | |
| (ङ) तपाईले  युवा स्वरोजगारीका लागि गर्न चाहेका व्यावसायी कार्य के हो? उल्लेख गर्नुहोस | | | | |
| (च) के तपाईले गर्न चाहेको व्यावसायिक कार्यवाट आयात प्रतिस्थापन वा निर्यात प्रवर्धनमा | | | | |

| | | | |
|---|---|---|---|
| सहयोग गर्छु । | | | |
| (छ) तपाईले गर्न चाहेका व्यावसायिक कार्यमा लगानिको अवस्था | | | |
| स्वलगानी :- | रु. | व्यावसायिक ऋण लिएको वा ऋण आवश्यकता | रु. |
| अन्य अनुदान प्राप्त गरेको भएमा | रु | अनुदान माग गरेको रकमः- | रु |
| स्वलगानीमा नेपाल बाहिरका देशहरुबाट आर्जित विप्रेषणको लगानी प्रतिशत कति छ ? | | | ......प्रतिसत |
| (ज) अनुदान सदुपयोगको प्रतिवद्धता (टिक लगाउनुहोस) | | | |
| कार्यक्रमबाट प्राप्त अनुदानको म सत प्रतिशत सदुपयोगका लागी | | प्रतिवद्ध छु | भन्न सकिदैन |
| अनुदान प्राप्त पछि म आफ्नो लागि स्वरोजगारो आफै श्रृजना गर्न | | प्रतिवद्ध छु | भन्न सकिदैन |
| मेर व्यवसायिक कार्यमा थप व्यक्तिहरुका लागि रोजगार श्रृजना गर्न | | प्रतिवद्ध छु | भन्न सकिदैन |

म स्वंमले मेरो वारेमा माथि उल्लेख गरिएका सम्पुर्ण विवरणहरु सत्य हुन फरक परेमा म अनुदान लिन अयोग्य ठहर हुनुका साथै कानुन अनुसारको सहुँला बुझाउँला । यस कार्यक्रममा सहभागी हुने अबसर प्राप्त भएको खण्डमा आफ्नो लागि स्वरोजगार श्रृजना आफै गर्नेछु साथै स्थानीय तहले जारी गरेको नियमानुसारका शर्तहरु मलाई मञ्जुर छ र सोको पालना गर्न प्रतिवद्ध छ ।

आवेदकको हस्ताक्षर :

आवेदन गरेको मिति :-

| दाँया | बाँया |
|---|---|
| | |
| औंठा छाप | |

## अनुसूची २

## गौमुल गाउँपालिका कार्यपालिका, सुदूरपश्चिम प्रदेश

## युवा युवा स्व-रोजगार सहयोग कार्यक्रम संचालन कार्यविधी, २०८२

**(कार्यविधीको दफा ७ को उपदफाहरु क्रमश (७१), (७.२). (७.३ र (७.४ ) संग सम्बन्धीत)**

**"व्यावसायिक योजनाको ढाँचा"**

(क) परिचय

| | |
|---|---|
| व्यावसायीक कार्यको नाम | |
| बस्तु उत्पादन एवंम सेवाकार्य अनुमानीत कुल लगानी शुरु मिति | |
| अनुमानित कुल लगानी | |
| आवेदक व्यक्ति, समुह, फर्म, सहकारी वा कम्पनीको नाम | |
| पत्राचारको ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोबाईल नं. | |

